अन्त्यमा, आर्थिक रुपमा सक्षम हुनु भनेको धनी देखिनु होइन, आफ्नो आर्थिक, जीवनलाई सही तरिकाले चलाउन सक्नु हो । आर्थिक रूपमा सक्षम व्यक्तिले आफ्नो परिवारलाई सहयोग गर्नुका साथै व्यवसाय, रोजगारी र करमार्फत समाज तथा राष्ट्रको विकासमा योगदान दिन सक्छ । मेरो भविष्यको योजनामा आफ्नो सिपलाई प्रयोग गरेर राम्रो आम्दानी गर्ने, अनावश्यक खर्चबाट बच्ने, नियमित रुपमा बचत गर्ने र सही जानकारी लिएर लगानी गर्ने लक्ष्य छ । म भविष्यमा जति नै पैसा कमाए पनि त्यसलाई सोचविचार नगरी खर्च गर्नुको सट्टा आफ्नो लक्ष्यअनुसार प्रयोग गर्न चहान्छु । मेरो विचारमा आर्थिक सफलताको सुरुवात ठूलो रकमबाट हुँदैन, सानो रकमलाई पनि जिम्मेवारीपूर्वक प्रयोग गर्ने बानीबाट हुन्छ ।

मेरो देश नेपाल

मिशा बस्नेत
कक्षा ३, मर्स्याङदी



मेरो देश नेपाल,
क्या राम्रो,
सगरमाथाको अग्लो शान,
हिमाल हाम्रो ।

हिमाल, पहाड, तराईले
नेपालको मान बढाउँछन्,
विविधतामा एकता बोकी
सुन्दर देश बनाउँछन् ।


ज्ञान र शान्ति फैलाउँदै,
प्रकृतिको काखमा रमाउँदै,
लाग्छ मलाई मेरो देशको माया,
नेपाल मेरो प्यारो छाया ।

कथाको पहिलो अंश

साभी डंगोल
कक्षा ४, नारायणी

सर्वतीयाको गाढा कथाको पहिलो अंश 'हट पवनिया हट'मा तराई क्षेत्रको प्रचण्ड गर्मी र हावाहुरीको जीवन्त चित्रण छ । एउटा तराईतिरको गाउँमा सर्बतिया नामकी एउटी केटी बस्थिन् । सर्बतियालाई धेरै सर्बत पिउन मन पर्थ्यो । त्यसैले उनको नाम पनि सर्बतिया रहेको थियो । हुँदाहुँदा त सर्बतियाको खास नाम के हो भनेर पनि गाउँलेहरूले बिर्सिसकेका थिए । एकदिन सर्बतियाको बाबाले एउटा गाढा किन्नुभयो । त्यससँगसँगै एउटा घोडी पनि किन्नुभएको थियो । त्यो घोडी धेरै तेज दौडिन्थी । सर्बतियाले घोडीको नाम 'हट पवनियाहरु' राखिन् । सर्बतिया घोडाको आफ्नो मिल्ने साथी बब्लुसँग गाडामा चढेर मस्ती गर्थिन् । सर्बतियाले पवनयालाई धेरै माया गर्थिन् र उसलाई गाडामा चढेर 'हट पवनया हट' भन्दै घुम्न जान्थिन् । उसले सर्बतियाले भनेको मात्रै मान्थी ।

एकदिन सर्बतियाको बुबाले गाढा लिएर जान खोज्दा पवनया यसरी उफ्रिई कि बुबा गाढाबाट सिधै गोबर भएको ठाउँमा लड्नुभयो ।



मेरो खेलौना



भीभान के:सी
कक्षा १, अरुण

मेरो नाम भीभान के:सी हो । मेरो मनपर्ने खेलौना फुटबल हो । मेरो खेलौना रातो, नीलो र हरियो रङको छ । यो खेलौना मलाई मेरो बाबाले किनिदिनु भएको हो ।

अङ्ग्रेजी कविता वाचन सम्पन्न

ऋतम दाहाल
कक्षा ९, गण्डकी



इम्पेरियल वर्ल्ड स्कुलको सभाहलमा २०८३ साल श्रावण १२ गते भव्य रूपमा अङ्ग्रेजी कविता वाचन प्रतियोगिता सम्पन्न भएको थियो । विद्यालयको अङ्ग्रेजी विभागको आयोजना तथा व्यवस्थापनमा सञ्चालन गरिएको उक्त कार्यक्रममा कक्षा ८, ९ र १० का विद्यार्थीहरू दर्शकका रूपमा उपस्थित भई प्रतिस्पर्धीहरूलाई उत्साह प्रदान गरेका थिए । प्रतियोगिताको निष्पक्ष मूल्याङ्कनका लागि निर्णायक मण्डलमा साइब्या राणा र अस्मिता लिम्बु रहनुभएको थियो ।

प्रतियोगितामा कक्षा ८ देखि कक्षा १० सम्मका विद्यार्थीहरू प्रियाञ्जली शेरचन, प्रतिम दुलाल, दृशना लम्साल, नोर्जिन शेर्पा, रीबाश्री, लकिसा देन, आरोस लगायतका विद्यार्थीहरूले आ-आफ्नो मनपर्ने अङ्ग्रेजी कविता प्रस्तुत गर्दै प्रतिस्पर्धा गरेका थिए । सहभागीहरूले कडा मेहनत र पूर्ण उत्साहका साथ विभिन्न भाव, दुःख, खुसी र जीवनको अर्थ समेटिएका विचारणीय कविताहरू उच्च भावका साथ वाचन गरेका थिए । विद्यार्थीहरूको कलात्मक र भावपूर्ण वाचनले सभाहलमामा उपस्थित दर्शक तथा निर्णायकहरूलाई मन्त्रमुग्ध बनाएको थियो ।

अत्यन्तै प्रतिस्पर्धात्मक बनेको यस प्रतियोगितामा आफ्नो उत्कृष्ट वाचन कला प्रस्तुत गर्दै रिबाश्री श्रेष्ठ प्रथम । नोर्जिन शेर्पाले दोस्रो र आरोस अधिकारीले तेस्रो स्थान प्राप्त गर्न सफल भए । विजेता विद्यार्थीहरूलाई बधाई दिइनुका साथै सहभागी सम्पूर्ण विद्यार्थीहरूमा खुसी र उत्साह छाएको थियो । विद्यार्थीहरूको अभिव्यक्ति क्षमता र अङ्ग्रेजी भाषाप्रतिको रुचि अभिवृद्धि गर्न यो प्रतियोगिता फलदायी हुनुका साथै कार्यक्रम भव्य र सफलतापूर्वक सम्पन्न भएको थियो ।

आविष्कार केन्द्र



अग्रिम ओझा
कक्षा ४, नारायणी

हामीलाई विद्यालयले शैक्षिक भ्रमणको लागि महावीर पुनले स्थापना गर्नुभएको आविष्कार केन्द्रमा लिएर गएको थियो । त्यहाँ जाँदा मलाई धेरै रमाइलो लाग्यो । आविष्कार केन्द्रमा धेरै मानिसहरू हुनुहुन्थ्यो । उहाँहरू सबैजना आआफ्नो कामहरू गर्दै हुनुहुन्थ्यो । त्यहाँ जाँदा मैले धेरै कुरा सिक्ने मौका पाएँ । त्यहाँनेर एकदुईवटा जनावर पनि थिए । हामीलाई दाइदिदीहरूले त्यहाँका विभिन्न कुराहरू देखाउनुभयो । त्यहाँको एउटा सरले त्यहाँ राखिएका विभिन्न खालका मेसिन देखाउनुभयो । न्यानो नानी, विद्युतबाट चल्ने गाडी, ठूलाठूला कफी बनाउने मेसिन र अन्य विभिन्न कुरा पनि देखाउनुभयो । त्यहाँ सबैजनाले विभिन्न सामानहरू प्रयोग गरेर नयाँनयाँ कुराहरूको आविष्कार गर्नुहुँदो रहेछ । अर्कोपट्टि त्यहाँनेर दिदीहरूले स्वस्थ तथा स्वास्थ्यकर खानेकुराहरू, जस्तै एनर्जी बार, सातु, जाम आदि बनाउनु हुँदो रहेछ । हामीलाई उहाँहरूले एनर्जी बार र जाम चाख्न पनि दिनुभयो । मलाई मेवाको जाम धेरै मिठो लाग्यो । त्यो त्यहीं उत्पादन गरिएको सामान रहेछ । उहाँहरूको त्यस जाममा कुनै पनि केमिकल मिसाइएको थिएन र त्यसले स्वास्थ्यलाई पनि असर गर्दैन ।

त्यसको साथै हामीले नयाँनयाँ कुरा हेरेर धेरै रमाइलो पनि गर्‍यौं । पहिलापहिलाका गाडीहरू पनि देख्यौं । त्यहींनेर एकैचोटि २ हजारवटा अण्डा कोरल्ने मेसिन पनि देख्यौं । बाँदर धपाउने यन्त्र पनि साह्रै अचम्मको थियो । यस्ता विभिन्न कुराहरू हेर्दै हामीले आविष्कार केन्द्रको भ्रमण गर्‍यौं र त्यहाँको बारेमा जानकारी लियौं । हामी सबैले यस्ता ठाउँहरूलाई जोगाएर राख्नुपर्छ । हामीजस्ता बालबालिकाहरूले त्यहाँबाट धेरै कुरा सिक्न सक्छौं र नयाँ खोजको बाटोमा अगाडि बढ्न सक्छौं ।

मेरो युरोप यात्रा

सानभी मास्के
कक्षा ८, बबइ

मेरो युरोप यात्रा मेरो परिवारका साथ भएको थियो । यो यात्रा सन् २०२६ अप्रिल १७ गते सुरु भएको थियो । हामी सर्वप्रथम बेलायतको लन्डन पुग्यौं । लन्डनमा हाम्रा धेरै आफन्तहरू हुनुहुन्थ्यो, उहाँहरूसँग भेटघाट गरेर केही दिन बिताएपछि हामी युरोप तर्फ लाग्यौं ।

हामी लन्डनबाट पानीजहाज (फेरी) चढेर युरोप प्रस्थान गर्‌यौं । फेरीको त्यो यात्रा मलाई निकै रमाइलो लाग्यो । युरोप पुगेपछि हामी सबैभन्दा पहिले बेल्जियम गयौं । पहिलो दिन यात्राको थकानका कारण हामीले आराम गरयौं । त्यसको भोलिपल्ट हामी बेल्जियमको एक प्रसिद्ध समुद्री किनारमा घुम्न गयौं ।

बेल्जियमको बसाइपछि हामी अगाडि बढ्दै स्विट्जरल्यान्डतर्फ लाग्यौं । हामी स्विजरल्यान्ड गाडीमा गएका थियौं, त्यसैले बाटोमा मैले निकै सुन्दर दृश्यहरू देख्न पाएँ । स्विट्जरल्यान्डमा हामी 'टप अफ युरोप' गयौं । त्यो ठाउँ एकदमै मनमोहक थियो । त्यहाँ पुग्नका लागि हामीले रेल (ट्रेन) चढ्नुपर्थ्यो । त्यहाँका ट्रेनहरू पहाडको भित्रभित्र सुरुङबाट चल्दा रहेछन्, यो कुरा थाहा पाउँदा मलाई निकै अचम्म लाग्यो ।

स्विट्जरल्यान्ड घुमिसकेपछि हामी जर्मनी गयौं । जर्मनीमा हामीले एक दिन मात्र बितायौं र त्यहाँको एउटा प्रसिद्ध चर्च घुम्यौं । त्यसपछि केही खाजा खाएर हामी फ्रान्सतर्फ लाग्यौं ।

फ्रान्स पुग्नका लागि म निकै उत्साहित थिएँ । हामी फ्रान्स पुग्दा राति भइसकेको थियो । रातको समयमा आइफल टावरमा बत्ती बलेको सुन्दर दृश्य हामीले देख्यौं । भोलिपल्ट हामी आइफल टावर चढ्न गयौं । त्यस दिन अलि-अलि पानी परिरहेकाले माथिबाट तलको दृश्य त्यति प्रस्ट त देखिएन, तैपनि निकै सुन्दर लागिरहेको थियो । त्यसपछि हामी फ्रान्सको प्रसिद्ध ऐतिहासिक ढोका हेर्न गयौं । त्यो युद्धमा लडेका वीर योद्धाहरूको स्मारक रहेछ, जहाँ सैनिकहरूको नाम कुँदिएको थियो । त्यहाँ एक जना नेपालीको पनि नाम देख्दा मलाई निकै गर्व लाग्यो । त्यसपछि हामी संसारकै प्रसिद्ध 'लुभ्र सङ्ग्रहालय' गयौं र थुप्रै तस्बिरहरू खिच्यौं ।

फ्रान्सको यात्रा पूरा गरी हामी पुनः बेल्जियम फर्कियौं । भोलिपल्ट हामी फेरि पानीजहाज चढेर लन्डन फर्कियौं । लन्डन पुगेपछि एक-दुई दिन हामीले आराम गर्यौं । त्यसपछिका दुई हप्तामा हामीले लन्डनका प्रख्यात ठाउँहरू जस्तै: लन्डन आई , लन्डन ब्रिज , चराहरूको बगान, अक्सफोर्ड विश्वविद्यालय , स्काई गार्डन/टावर र ग्रिनविच पार्क घुम्यौं । बाँकी रहेका केही दिनहरूमा हामीले नेपाल फर्किनका लागि आवश्यक सामानहरू किनमेल गर्यौं र मे १८ मा हामी नेपाल फर्कियौं ।

मेरो यो एक महिनाको यात्रा एकदमै अविस्मरणीय र रमाइलो रह्यो । मैले घुमेका यी सबै देशहरू निकै सफा र व्यवस्थित थिए । त्यो देख्दा मलाई हाम्रो देश नेपाल पनि यस्तै सफा र सुन्दर भइदिए कति राम्रो हुन्थ्यो होला जस्तो लाग्यो ।

शिक्षामन्त्रीलाइ चिठी

मितिः २०८३ ।०४ ।२०

सम्राट के.सी
कक्षा १०, भोटेकोशी

माननीय शिक्षामन्त्रीज्यू,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार काठमाडौं ।

विषयः- नेपालको शिक्षा प्रणालीमा देखिएका नकारात्मक पक्षहरू हटाएर समयको मागलाई समेट्ने पाठ्यक्रम बनाउने सम्बन्धमा ।

महोदय,
उपरोक्त सम्बन्धमा हाम्रो देशको शिक्षाले विगत केही वर्ष अघिबाट विकासको फडको मारिरहेको छ । वि.सं. १९१० मा सुरु भएको औपचारिक शिक्षाले धेरै लामो यात्रा त गरेको छैन । त्यसपछि २००७ सालको क्रान्ति पछि यसले अझ विस्तार हुने मौका पाएर अहिले ७५ वर्ष दौरानमा रहेको छ । अरु देशको तुलनामा ढिला सुरु भएको हाम्रो देशको शिक्षा निरन्तर रूपमा अघि बढि रहेको छ । हामो शिक्षा समृद्ध सांस्कृति तथा ज्ञानको परम्परा हो । नेपालको शिक्षा क्षेत्रमा सूचना र प्रविधिको विस्तार भइरहेको छ । यी पक्ष हाम्रो शिक्षाको क्षेत्रमा देखिएका सकारात्मक पक्षहरू हुन् ।

यद्यपि नेपालको शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने धेरै पक्षहरू अझै बाँकी छन् । अधिकांश विद्यालयहरूमा व्यावहारिक शिक्षाभन्दा सैद्धान्तिक शिक्षामा बढी जोड दिइने भएकाले विद्यार्थीहरूले प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्न सकेका छैनन् । अझ ग्रामीण क्षेत्रका विद्यालयहरूमा त प्रविधिको प्रयोग गर्न निकै कठिनाइ हुने गरेको छ । त्यसैले धेरै वर्ष पढेर डिग्री हासिल गर्दा पनि विद्यार्थीहरूलाई त्यो ज्ञान जीवनमा प्रयोग गर्न र रोजगारी पाउन गाह्रो भइरहेको छ ।

सहरी र ग्रामीण क्षेत्रका विद्यालयबिच गुणस्तरीय शिक्षा, दक्ष शिक्षक तथा आवश्यक स्रोतसाधनको उपलब्धतामा असमानता देखिन्छ । यसले गर्दा दक्ष जनशक्ति उत्पादनमा कठिनाई भइरहेको छ । यसका लागि क्षेत्र अनुसार पाठक्रम निर्माण गरिनुपर्छ । हिमाली क्षेत्रमा जडीबुटी र पर्यटन, पहाडमा फलफूल खेती, तराईमा आधुनिक कृषिसम्बन्धी ज्ञान र सीप दिइयो भने मात्र नेपालका विभिन्न क्षेत्रहरूको विकास हुन्छ । व्यवसायमूलक शिक्षाका लागि हाम्रो परम्परागत ज्ञान र आधुनिक प्रविधिलाई समन्वय गरी सँगसँगै अगाडि लैजानु सान्दर्भिक हुन्छ । यसले विद्यार्थीहरूलाई आत्मनिर्भर भई स्वरोजगार बन्न मद्दत पुर्‍याउँछ । आजको युग सूचना र प्रविधिको युग भएकाले शिक्षित विद्यार्थीहरू सूचना प्रविधिसँग पूर्ण रूपमा परिचित हुनु अत्यावश्यक छ ।

अहिलेको सूचना र प्रविधिको विकासले मानिसलाई केवल एउटा घर, समुदाय वा राष्ट्रमा खुम्चेर बस्ने वातावरण छैन । विश्वव्यापिकरणका कारण सबै मानिसहरू विश्व नागरिकका रूपमा स्थापित भइसकेका छन् । यस्तो अवस्थामा हामी नेपालीहरुलाई विश्वका अरु व्यक्तिहरूसँग प्रतिस्पर्धा गर्न सक्ने पाठ्यक्रम विकास गरिनुपर्छ । जसकारण नेपाली विद्यार्थीहरूले आफूलाई विश्वमानचित्रमा स्थापित गरी नमुना बन्न सक्छन् ।
आधुनिक शिक्षाका नाममा आफ्नो मौलिकतालाई नै बिर्सने गरी पाठ्यक्रम विकास गर्नु उपयुक्त हुँदैन । यसले गर्दा हाम्रो मौलिक संस्कृति तथा पहिचानलाई भावी पुस्तामा हस्तान्तरण गर्न गाह्रो हुन्छ । म आशा गर्छु कि यहाँको नेतृत्वमा हाम्रो शिक्षा क्षेत्रमा देखिएका नकारात्मक पक्ष तथा विद्यमान समस्याहरू हट्नेछन् र हाम्रो शिक्षा प्रणाली थप विकसित हुनेछ । साथै, शिक्षाका समस्याहरू समाधान भई समयअनुकूल र व्यावहारिक पाठ्यक्रमको निर्माण हुनेछ ।

तपाईंको शुभचिन्तक
सम्राट के.सी
इम्पेरियल वर्ल्ड स्कुल ।

मेरी आमा

एन्जिला बुढाथोकी
कक्षा ४, राप्ती

मेरी आमा प्यारी,
संसारकी नारी ।
दुनियाँको काम हेर्ने,
आमा कति राम्री ।

मिठो-मिठो खाना,
लाई दिने जामा ।
सानो बाट ठूलो
बनाउने हाम्री आमा ।

कोखमा राखी जन्माउने,
खाई नखाई हुर्काउने ।
आमा जस्तै कोही छैन,
नाम यहाँ कमाउने ।



जन्मदिनको रमाइलो

विपुल सापकोटा
कक्षा ५, भेरी

आज म छिट्टै उठेको थिएँ । आज मेरो दोस्रो परीक्षा पनि थियो । जन्मदिनको भन्दा परीक्षाको बारेमा धेरै सोचिरहेको थिएँ । म उठेपछि परीक्षाका लागि पढ्न थालें । मलाई अलिक अर्कै लागिरहेको थियो । किनभने आमाबुबाले मलाई जन्मदिनको शुभकामना दिनुभएको थिएन । म चिन्तित हुँदै खाना खाइरहेको थिएँ । त्यसपछि म भाग्दै विद्यालयको बस आउने स्टपमा गएँ । पहिलेभन्दा आज बस छिटो आएको थियो । केही समयपछि म विद्यालय पुगें । साथीहरू पनि चुप लागेर बसिरहेका थिए । त्यही बेला म पनि कक्षामा पढ्न थालें । केही बेरपछि परीक्षा सुरु भयो । मलाई डर लागिरहेको थियो, तर जब मैले प्रश्नपत्रमा पहिलो प्रश्न देखें, मेरो डर हरायो । किनभने त्यो निकै सजिलो थियो । मेरो परीक्षा सकियो । मलाई आनन्दित महसुस भयो । म साथीहरूसँग परीक्षाका बारेमा कुराकानी गर्न थालें र झोलामा सामानहरू सबै हालें । एउटा साथीलाई गाह्रो महसुस भइरहेको थियो । हामी साथीहरू मिलेर उसलाई "आनन्दित भएर बस" भनेर सम्झायौं र हामीले घर जाने तयारी गरिहाल्यौं ।

त्यसपछि हामी छिट्टै हाम्रो बस भएकोतर्फ गयौं । म दाइ-दिदीहरूसँग गफ गर्दै थिएँ । त्यो बेलामा म खुसी र थकित थिएँ । त्यसपछि म घर पुगें । म थकित हुँदै घरभित्र छिर्दा मेरो आमाबुबाले आश्चर्यजनक उपहार दिनुभयो । म छक्क परिरहेको थिएँ । मैले त्यहाँ केक काट्न थालें । मेरो ठुलो आमा र मामाको परिवार पनि आउनुभएको थियो । मैले धेरै उपहार पाएँ । हामी सबैजना मिलेर नाच्न थाल्यौं । म त्यसपछि अर्को परीक्षाको लागि पढ्न गएँ । मलाई अत्यन्त खुसी र रमाइलो लागेको थियो । त्यसपछि म घुप्लुक्क सुतें ।

माइती नेपालको शैक्षिक भ्रमण

विज्ञराज पन्त
कक्षा ७, मेची



हामी कक्षा सातका विद्यार्थीहरू समाजिक अध्ययन विषय अन्तर्गत रहेर 'माइती नेपाल' भ्रमणमा गएका थियौं। भ्रमणको मुख्य उद्देश्य माइती नेपालले समाजमा गर्ने कामबारे प्रत्यक्ष जानकारी लिनु थियो। त्यहाँका कर्मचारीसँग कुराकानी गर्दा यो संस्थाले मानव बेचबिखन तथा ओसारपसार रोकथाम, पीडितको उद्धार र पुनर्स्थापना, महिला हिंसा तथा बालश्रमविरुद्ध काम गर्ने जानकारी पायौं। साथै, यसले पीडितलाई सुरक्षित आवास, कानुनी सहायता र स्वास्थ्य उपचार पनि प्रदान गर्दो रहेछ। माइती नेपालको स्थापना सन् १९९३ मा अनुराधा कोइरालाले गर्नुभएको रहेछ।

समग्रमा, यो भ्रमण निकै ज्ञानवर्धक र रमाइलो रह्यो। यसबाट हामीले मानव बेचबिखन रोक्न, महिला तथा बालबालिकाको सुरक्षा गर्न र पीडितलाई सहयोग गर्न सबैको जिम्मेवारी हुन्छ भन्ने कुरा सिक्यौं।

मित्रता

श्रेयान्स भट्टराई
कक्षा ५, भेरी

एउटा जङ्गलमा विभिन्न जनावरहरू बस्थे । त्यहाँ कछुवा र चितुवा पनि सँगै बस्थे । उनीहरू एकअर्काका मिल्ने साथी थिए । एकदिन धेरै पर्यटकहरू त्यस जङ्गलमा घुम्न आए । उनीहरू घुमिरहेका थिए । त्यहाँ कछुवा र चितुवा मिलेर बसेको देख्दा पर्यटकहरूलाई अचम्म लाग्यो । उनीहरूले यसो सोचे, "यी चितुवा र कछुवा कति मिलेर बसेका होलान्!" त्यसपछि उनीहरूको मनमा नराम्रो सोच आयो । पर्यटकहरूले सोचे, "अब हामीले यी कछुवा र चितुवाको झगडा लगाइदिनुपर्छ ।" त्यसपछि उनीहरूले झगडा लगाउने योजना बनाए । उनीहरूले चितुवालाई भन्न थाले, "ए चितुवा! तिमी यो कछुवासँग नबस है । तिम्रो बारेमा कस्तो नराम्रो नराम्रो कुरा भन्छ, केके भन्छ थाहा छ? यसलाई त केही आउँदैन भन्छ । अनि जे मनमा आयो, त्यही भन्छ ।" यस्तो कुरा सुनेर चितुवाको मनमा आयो, "मलाई त्यो कछुवाले यस्तो पो भनेको! म त्यसलाई नमारी छाड्दिनँ ।" पर्यटकहरूले त्यस्तो भनेको सुनेर चितुवालाई धेरै नराम्रो लाग्यो । अर्कोदिन चितुवा र कछुवाको भेट भयो । तर चितुवा कछुवासँग बोलेन । त्यसैले कछुवालाई मनमा गहिरो सोच बस्यो र सोच्न थाल्यो, "चितुवा मसँग बोलेन । म एकचोटि सोधेर हेरूँ कि क्या हो!" तर कछुवालाई डर पनि लागिरहेको थियो, किनभने चितुवाको मुख रिसले चुर भएको थियो । कछुवाले यसो सोच्यो, "अब त म गएर सोध्नै पर्छ । म त उसको साथी हुँ नि । केही गर्दैन होला । एकचोटि सोधूँ न त, के नै हुन्छ र?" कछुवा हिँड्दै गयो र चितुवालाई भेटेर सोध्यो, "चितुवा, तिमीलाई के भयो?" चितुवा बोलेन । त्यसपछि रिसले भत्भताउँदै भन्यो, "तिमी उता जाऊ । तिमी मलाई केके भन्दो रहेछौ! तिमी जस्तो साथी मलाई के काम? मलाई केही आउँदैन भनेर मलाई सबैलाई सुनाएको होइन?" चितुवाको कुरा सुनेर कछुवा छक्क पर्‌यो । यसले उसलाई झन् गहिरो सोचमा पार्‌यो । कछुवाले सोच्यो, "मैले कहिले चितुवालाई नराम्रो भनें र? म त झन् ऊ मभन्दा राम्रो पो छ भन्छु । ऊ मभन्दा छिटो दौडन्छ र सबैभन्दा राम्रो पनि छ भन्छु । कसले यस्तो कुरा गरेछ? एकचोटि यी पर्यटकहरूलाई नै सोध्नुपर्‌यो ।"

यति सोचेर कछुवा पर्यटकहरू भएका ठाउँमा गयो । उसले भन्यो, "ए पर्यटकहरू! मलाई भन त, मैले कहिले तिमीहरूलाई चितुवाको बारेमा नराम्रो भनेको थिएँ? मैले त चितुवालाई सधैं मभन्दा राम्रो छ, मभन्दा छिटो छ र सबैभन्दा राम्रो पनि छ भनेको छु । अनि तिमीहरूले चाहिँ मेरो बारेमा केके भनेछौ? तिमीहरूले हाम्रो झगडा लगाउन खोजेको हो?" पर्यटकहरूले हाँस्दै भने, "हो नि, हामीले तिमीहरूको झगडा लगाउन खोजेकै हो ।" यस्तो कुरा सुनेर कछुवाले फेरि सोध्यो, "किन? तिमीहरूले हामी मिलेको देख्न सकेनौ?" पर्यटकहरूले भने, "सक्छौं नि, सक्छौं । यसो रमाइलो गर्दै भनेर तिमीहरू मिल्ने रहेछौ भन्ने कुरा थाहा पाएर हामीले तिमीहरू साँच्चै कत्तिको मिल्दा रहेछौ भनेर हेर्न खोजेका हौं । तर तिमीहरू त साँच्चै पो मिल्ने साथी रहेछौ । हामीलाई यस्तो देखेर धेरै खुसी लाग्यो ।" त्यसपछि रिसाउँदै कछुवाले भन्यो, "त्यसो भए तिमीहरूलाई हाम्रो मित्रता हेर्ने मन थियो भने हामीलाई नै सोधेको भए भइहाल्थ्यो नि । म भन्दिहाल्थें नि । अब मैले चितुवालाई कसरी फकाउनु? तिमीहरूले नै गएर फकाइदेऊ । तिमीहरूले गरेको गल्ती तिमीहरू नै सुधार ।" यसरी कछुवा रिसाएको देखेर पर्यटकहरूले भने, "ल, नरिसाऊ । हामी चितुवालाई भेटेर हामीले गरेको गल्तीको बारेमा सबै कुरा भन्छौं ।" उनीहरू चितुवा भएको ठाउँतिर



गए र चितुवालाई भेटेर सबै कुरा बताए । यसरी चितुवाले पनि सत्य कुरा थाहा पाएपछि कछुवासँग भन्यो, "अब म तिमीसँग झगडा गर्दिनँ है । मलाई माफ गर ।" त्यसपछि चितुवा र कछुवा एकदमै मिल्ने साथी बने र कहिल्यै पनि उनीहरूले झगडा गरेनन् ।

सन्देश: अरूको कुरा सुनेर तुरुन्तै विश्वास गर्नु हुँदैन । कुनै कुरामा शङ्का लागेमा सम्बन्धित व्यक्तिसँग सत्य कुरा बुझ्नुपर्छ । साँचो मित्रतामा विश्वास, समझदारी र आपसी सहयोग हुनुपर्छ ।

वन

विवान मिश्र
कक्षा २, सुनकोशी

कति हरियो छ वन,
देख्दा खुसी हुन्छ मन ।

वनमा धेरै फूल फुलेका,
भमरा पनि डुल्दै गरेका ।

चरा–चुरुङ्गी मीठो गाउँछन्,
वनलाई अझ सुन्दर बनाउँछन् ।



राम्रो फूल

यश्वी अग्रवाल
कक्षा ४, राप्ती

राम्रो फूल नाम गुलाब,
बास्ना दिन्छ हरर ।
मलाई धेरै मनपर्छ,
हावा चल्दा सरर ।

सानोसानो चट्ट परेको,
धेरै रङ्गमा पाइन्छ ।
हरर बास्ना चल्छ,
जब यो फुलिदिन्छ ।

फूललाई घरमा रोप्छु,
राम्रो देखिन्छ आँगन ।
काँडामा नि फुल्न सक्ने,
बनाउँ हाम्रो जीवन ।



पेरम पुस्तकको तिर्थ

दिया गौतम
कक्षा १०, भोटेकोशी

तिर्थे 'पेरम' उपन्यासको एक प्रमुख तथा अत्यन्तै महत्त्वपूर्ण पात्र हो । उसको पारिवारिक आर्थिक अवस्था एकदमै कमजोर भएकाले उसले जीवनमा अनेकौं दुःख, अभाव र कठिनाइहरूको सामना गर्नुपरेको छ । गरिबी र विपन्नताका कारण समाजका कतिपय साथीभाइ तथा व्यक्तिहरूले उसलाई हेप्ने, उपेक्षा गर्ने र पटक-पटक अपमानित गर्नेसम्मका दुर्व्यवहारहरू गरेका छन् ।

यस्ता अनेकौं प्रतिकूल र कठिन परिस्थितिका बाबजुद पनि तिर्थे अत्यन्तै इमानदार, मेहनती, सहनशील र जिम्मेवार स्वभावको देखिन्छ । ऊ अरूका नकारात्मक विचार, नराम्रा वचन र हेपाहा व्यवहारबाट अलिकति पनि विचलित नभई धैर्यताका साथ आफ्नो पढाइ र कर्तव्यलाई नै पहिलो प्राथमिकता दिन्छ । ऊ आफूप्रति पूर्ण आत्मविश्वासी छ र भविष्यको लक्ष्यतर्फ निरन्तर, दृढताका साथ अगाडि बढ्ने प्रयास गरिरहन्छ । तिर्थेको चरित्रले जस्तोसुकै कठिन परिस्थितिमा पनि मेहनत, धैर्य र आत्मविश्वासका साथ अघि बढेमा जीवनका सबै बाधाहरूलाई पार गर्न सकिन्छ भन्ने प्रेरणादायी सन्देश दिन्छ । त्यसैले, सङ्घर्षशील जीवन जिउँदै सफलताको बाटोमा हिँड्न चाहने हरेक विद्यार्थीहरूका लागि तिर्थे एक अनुकरणीय र प्रेरणादायी पात्रका रूपमा प्रस्तुत भएको छ ।

हाम्रो विद्यालयमा गुरु पूर्णिमा उत्सव

खुशी राज्यलक्ष्मी शाह
कक्षा ६, महाकाली



गुरु पूर्णिमाको दिन हामी गुरुहरूप्रति धन्यवाद र सम्मान व्यक्त गर्दै उहाँहरूको पूजा गर्छौं। यस वर्ष कक्षा ६ का विद्यार्थीहरूले कक्षाकोठा सजाएर गुरुहरूलाई सम्मानपूर्वक उपहार दिएका थियौं। विद्यालयको विद्यार्थी परिषद्ले आयोजना गरेको विशेष कार्यक्रममा नाच, गान, सङ्गीत र गुरुहरूका लागि मनोरञ्जनात्मक खेलहरू पनि राखिएका थिए। म र मेरा साथीहरूले पनि नृत्य प्रस्तुत गरेका थियौं। विद्यालयको सभाहल बेलुन र ब्यानरले सुन्दर रूपमा सजाइएको थियो।

गुरु पूर्णिमाले हामीलाई गुरुको महत्त्व र ज्ञानको मूल्य बुझाउँछ। गुरुहरू हाम्रा दोस्रो अभिभावक हुनुहुन्छ, जसले हामीलाई सही बाटो देखाउनुहुन्छ। त्यसैले गुरु पूर्णिमाको दिन मात्र नभई हरेक दिन उहाँहरूको कुरा मानेर सम्मान गर्नुपर्छ। उहाँहरूले देखाउनुभएको सत्मार्गमा हिँड्नु नै गुरुहरूप्रतिको सच्चा सम्मान हो।

मृग

कारल्हा पाख्रिन तामाङ
कक्षा १, अरुण

मृग एउटा सानो र राम्रो जनावर हो । यो जंगलमा बस्छ र यसले हरियो घाँस खान्छ । यो धेरै छिटो कुद्न सक्छ । यसका दुईवटा ठुल्ठुला कान र आँखा हुन्छन् । मृग सबैलाई धेरै मनपर्ने जनावर हो ।



हाम्रो राष्ट्रिय जनावर

जेमी मगर
कक्षा १, तमोर



गाई हाम्रो देश नेपालको राष्ट्रिय जनावर हो । गाई घरपालुवा जनावर हो । यो गोठमा बस्छ । गाईले हामीलाई दुध दिन्छ । गाईको चार वटा खुट्टा, दुइटा सिङ र एउटा लामो पुच्छर हुन्छ । लक्ष्मी पूजाको दिनमा गाईको पूजा पनि गरिन्छ । गाई मलाई मनपर्ने जनावरहरु मध्य एक हो ।

क्षेत्र भ्रमण प्रतिवेदन

मौलिक मैनाली
कक्षा ६, वरुण



स्थान: इको केयर इन्डस्ट्री (इजी ब्याग्स), चन्द्रागिरि–३, काठमाडौँ

१) परिचय

हामी इको केयर इन्डस्ट्री (इजी ब्याग्स)भ्रमणको मुख्य उद्देश्य वातावरणमैत्री झोला र यसको प्रविधिबारे जान्नु थियो।

२) समस्याको पहिचान

प्लास्टिकका झोलाले वातावरण प्रदूषण गर्छन्।
प्लास्टिक नकुहिने भएकाले फोहोर व्यवस्थापनमा समस्या हुन्छ।
जनावरले प्लास्टिक खाँदा स्वास्थ्यमा असर पर्छ।

३) समाधान र प्रविधि

इजी ब्याग्सले कुहिने वातावरणमैत्री झोला बनाउँछ।
मेसिनबाट कच्चा पदार्थ तताई झोला तयार गरिन्छ।
रोलर मेसिनले झोलालाई अन्तिम रूप दिन्छ।

४) महत्त्व र फाइदा

इजी ब्याग १५–३० दिनमा कुहिन्छ।
यसबाट मल बनाउन सकिन्छ।
यसले माटो र वातावरणीय प्रदूषण कम गर्छ।

५) निष्कर्ष तथा सुझाव

प्लास्टिकको सट्टा इजी ब्याग वा कपडाको झोला प्रयोग गर्नुपर्छ।
यस भ्रमणबाट वातावरण संरक्षणबारे व्यावहारिक ज्ञान प्राप्त भयो।

जनै पूर्णिमा विशेष कार्यक्रम

सरिना तामाङ
कक्षा ६, वरुण



भदौ १२ गते, २०८३ शुक्रबार हाम्रो विद्यालयमा 'जनै पूर्णिमा विशेष कार्यक्रम' आयोजना गरिएको थियो। त्यस दिन विद्यालयमा रमाइलो वातावरण थियो। कार्यक्रममा मेरा साथीहरूले जनै पूर्णिमाको महत्त्व, विशेषता र यस दिन गरिने कामबारे जानकारी दिएका थिए। म पनि नाटकमा सहभागी भएको थिएँ। आफ्नो पालो आउनुअघि साथीहरूसँग बसेर अन्य प्रस्तुति हेरेँ। मञ्चमा जाँदा सुरुमा अलि डर लागेको थियो, तर नाटक सुरु भएपछि आफ्नो भूमिकामा ध्यान दिएँ। नाटकमा 'बुबा' पात्रले जनै पूर्णिमाको महत्त्वबारे जानकारी दिएका थिए।

नाटकपछि जनै पूर्णिमासँग सम्बन्धित रमाइला खेलहरू खेलाइयो। त्यसपछि हामी सबैले खाना खायौँ र लड्डु तथा प्रसाद खायौँ। यो कार्यक्रम मेरो लागि निकै रमाइलो र ज्ञानवर्धक रह्यो। यसबाट मैले जनै पूर्णिमाको महत्त्वका साथै समूहमा मिलेर काम गर्ने र मञ्चमा प्रस्तुति दिने अनुभव पनि पाएँ।

मेरो विद्यालय

महायाना पद्मश्री शेर्पा
कक्षा ५, सेती



मेरो विद्यालय एकदम रमाइलो छ । मेरो लागि मेरो विद्यालय धेरै महत्त्वपूर्ण पनि छ । यहाँ हामीलाई शिक्षकहरूले रमाइलो गरेर ज्ञानका कुराहरू सिकाउनुहुन्छ । हामीलाई रमाइला कुराहरूले हाम्रो ज्ञान बढाउनुहुन्छ । यससँगसँगै हामीलाई स्कुलबाट मिठो खानेकुरा पनि प्राप्त हुन्छ । पढ्नेलेख्ने भनेको हरेक विद्यार्थीले गर्छन्, तर त्यही विद्यार्थीले सिक्ने मौका पाउँछन्, जसलाई शिक्षकले राम्रोसँग सिकाउनुहुन्छ । हो हामीलाई पनि हाम्रो शिक्षकहरूले कुनै समस्या परेमा हरदम सहयोग गर्नुहुन्छ ।

एकएक विद्यार्थीलाई हेर्नुहुन्छ । हामीलाई पढ्ने मात्रै होइन, खेल्ने, नाच्ने, गाउने हरेक कुरा गर्न अनुमति दिनुहुन्छ । मलाई मेरो विद्यालय असाध्यै मनपर्छ । त्यही भएर होला, मलाई मेरो विद्यालय छोडेर अन्त जानै मन लाग्दैन । यस विद्यालयले मलाई हरेक कुराबाट ज्ञानबुद्धि बढाइरहेको हुन्छ । बेलाबेला रमाइलो गर्ने, चित्र बनाउने, साथीहरूसँग बस्ने वातावरण पनि एकदमै रमाइलो छ ।

हरेक दिन हाम्रो ४ बजेपछि छुट्टी हुन्छ । हामीले आफ्नो विद्यालयका विभिन्न क्रियाकलापहरू सकाएर घर जाने गर्छौं । हाम्रो विद्यालयमा राम्रो हरियो चौर छ, जहाँ साना–ठूला सबै खालका हरिया बिरुवाहरू छन् । हाम्रो विद्यालय हेर्दा धेरै सुन्दर देखिन्छ । हाम्रो ठाउँ, हाम्रो विद्यालय आफैंमा धेरै सुन्दर छ । त्यसैले मलाई मेरो विद्यालयप्रति गर्व लाग्छ ।

हुलाक कार्यालयको भ्रमण

निप्सुङ मगर
कक्षा ६, वरुण

स्थान: डिल्लीबजार, काठमाडौँ
मिति: २०८३ भाद्र २४ गते

हामी कक्षा ६ का विद्यार्थीहरू एक दिने शैक्षिक भ्रमणका लागि डिल्लीबजारस्थित हुलाक कार्यालय गएका थियौँ। भ्रमणलाई अझ व्यावहारिक बनाउन हामीले आफ्ना साथीलाई लेखेका चिठीहरू पनि साथै लगेका थियौँ। हुलाक कार्यालय पुगेपछि हामी सबै जना अनुशासित भएर लाइनमा बस्यौँ। त्यसपछि त्यहाँका कर्मचारीहरूले हाम्रो चिठीमा हुलाक टिकट टाँस्न लगाउनुभयो। उहाँहरूले चिठीमा लेखिएको ठेगाना हेरेर सम्बन्धित ठाउँमा कसरी पठाइन्छ भन्ने कुरा बताउनुभयो। चिठीहरूलाई ठेगाना अनुसार छुट्ट्याएर सुरक्षित रूपमा राखी एक वा दुई हप्ताभित्र सम्बन्धित ठाउँमा पुऱ्याउने प्रक्रिया पनि उहाँहरूले हामीलाई बुझाउनुभयो। भ्रमणका क्रममा हामीले विदेशबाट आएका विभिन्न सामान, पार्सल तथा चिठीहरू पनि प्रत्यक्ष रूपमा देख्यौँ। बाहिरबाट आएका चिठी तथा पार्सलहरूलाई वर्गीकरण गरी सम्बन्धित ठाउँमा कसरी पठाइन्छ भन्ने कुरा पनि कर्मचारीहरूले देखाउनुभयो। यस भ्रमणबाट मैले साथीहरूलाई चिठी कसरी पठाउने भन्ने प्रक्रिया प्रत्यक्ष रूपमा सिक्ने अवसर पाएँ। साथै, हामीले हुलाक सेवा र चिठीपत्रका बारेमा रोचक तथा उपयोगी कुराहरू जान्न सक्यौँ। यस भ्रमणबाट हुलाक सेवाले टाढा रहेका आफन्त तथा साथीभाइसम्म चिठीपत्र र सामान सजिलै पुऱ्याउन सहयोग गर्ने र चिठी तथा पार्सललाई ठेगाना अनुसार छुट्ट्याएर सुरक्षित तथा व्यवस्थित रूपमा सम्बन्धित ठाउँमा पुऱ्याउने कुरा पनि बुझ्न पाएँ।

'तिल्के सुगा' पुस्तकको समीक्षा

आरुशी दाहाल
कक्षा ६, वरुण

अनन्त वाग्ले र यमुना पराजुली अधिकारीद्वारा लिखित 'तिल्के सुगा' एउटा ज्ञानवर्धक बाल कथा पुस्तक हो । यस कथामा सारस, दुम्सी, हात्ती, खरायो, बाँदर, सुगा र गोही प्रमुख पात्रका रूपमा रहेका छन् । कथाको सुरुवात एउटा जङ्गलबाट हुन्छ, जहाँ पानीको ठूलो समस्या थियो र जनावरहरूलाई पानी पिउन धेरै टाढा जानुपर्थ्यो । जङ्गलमा एउटा ठूलो पोखरी भए तापनि त्यहाँ एउटा गोही बस्ने र पानी खान आउने जनावरहरूलाई खाने गर्थ्यो । यस समस्याबाट छुटकारा पाउन सबै जनावरहरू मिलेर नयाँ धारा बनाए र सुरक्षित रूपमा पानी खान सफल भए ।

यस कथाको मुख्य विषयवस्तु एकता र सहकार्य हो । जनावरहरूले आपसमा मिलेर काम गरेको र अन्त्यमा पानीको समस्या हल गरेको पक्ष मलाई सबैभन्दा धेरै मन पर्यो । यस पुस्तकबाट मैले कुनै पनि समस्या आउँदा नआत्तिई मिलेर काम गरेमा जस्तोसुकै कठिन काम पनि सजिलै सम्पन्न गर्न सकिन्छ भन्ने महत्त्वपूर्ण कुरा सिकेँ । समग्रमा, यो कथाले हामीलाई एकता र सहकार्यको ठूलो शिक्षा दियो ।

सुन्दर गाउँ

जेसन बस्नेत
कक्षा ३, त्रिशूली

मेरो गाउँ धेरै राम्रो,
रमाइलो छ गाउँ हाम्रो ।

बिहानैदेखि चम्किन्छ यहाँ सुनौलो घाम,
फूल फुल्छन् बारीभरि, सुगन्धित छ नाम ।

चराहरू गाउँछन् मीठो गीत,
सुन्दा लाग्छ मनमा खुसीको प्रीत ।

बजारमा मानिसहरूको देखिन्छ ठूलो भीड,
साथीसँग खेल्दा लाग्छ रमाइलो झन् बढी ।

नयाँ कुरा सिक्न पाउँदा बढ्छ मेरो ज्ञान,
मेरो प्यारो गाउँ नै हो सबैभन्दा राम्रो स्थान ।

इम्पेरियल वर्ल्ड स्कूलमा भानुजयन्ती विशेष कार्यक्रम सम्पन्न

तेजस्वी किरण सुवेदी
कक्षा १०, वागमती

आदिकवि भानुभक्त आचार्यको २१३ औँ जन्मजयन्तीको अवसरमा इम्पेरियल वर्ल्ड स्कुलको सभाहलमा दुईदिने विशेष साहित्यिक कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रमको पहिलो दिन विद्यार्थीहरूबीच 'कविता लेखन प्रतियोगिता' सञ्चालन गरिएको थियो भने दोस्रो दिन 'छन्द कविता वाचन प्रतियोगिता' आयोजना गरियो । कार्यक्रममा मदन पुरस्कार विजेता वरिष्ठ कवि तथा गीतकार श्री दिनेश अधिकारीज्यूको प्रमुख आतिथ्य रहेको थियो । प्रसिद्ध कृति र अनेकौँ कालजयी गीतका स्रष्टा अधिकारीले भानुभक्तको जीवनी, व्यक्तित्व तथा नेपाली भाषा र साहित्यमा उहाँले पुर्‍याउनुभएको योगदानबारे चर्चा गर्नुभएको थियो । साथै, उहाँले विद्यार्थीहरूलाई मौलिक भाषा र साहित्यप्रति रुचि बढाउन प्रेरणा दिँदै विजयी छात्रछात्राहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

यस अवसरमा असार २४ गते कविता लेखन प्रतियोगिता भएको थियो भने असार २५ गते छन्द कविता वाचन प्रतियोगिता आयोजना गरिएको थियो । आधारभूत तहर्फको प्रतियोगिता असार २४ गते र माध्यमिक तहतर्फको प्रतियोगिता असार २५ गते सम्पन्न भएको थियो । प्रतियोगितामा विद्यार्थीहरूले विभिन्न विषयका कविताहरू लय मिलाएर प्रभावकारी रूपमा प्रस्तुत गरेका थिए । सहभागीहरूको प्रस्तुति आकर्षक र प्रशंसनीय रहेको थियो ।

यस प्रतियोगितामा म पनि सहभागी थिएँ । प्रतियोगिता सुरु हुनुअघि म निकै डराएकी थिएँ । तर मञ्चमा पुगेपछि आत्मविश्वासका साथ आफ्नो कविता लयमा सान्दार ढङ्गले प्रस्तुत गर्न सफल भएँ । कार्यक्रममा सहभागी सबै विद्यार्थीहरूको प्रयासको प्रशंसा गरिएको थियो । यस्तो कार्यक्रमले विद्यार्थीहरूमा नेपाली भाषा,साहित्यप्रतिको रुचि बढाउनुका साथै सार्वजनिक रूपमा बोल्ने आत्मविश्वास र प्रस्तुतीकरण सीपको विकास गर्न सहयोग पग्ने विद्यालयले जनाएको छ ।

आशाको पत्र



बेञ्जु सापकोटा
कक्षा ९, गण्डकी

बाढीबाट पीडित प्यारा साथीहरू,
धेरै धेरै माया र हौसला!

तपाईंहरूले हालै आएको भीषण बाढीका कारण धेरै दुःख र कठिनाइ भोग्नुपरेको खबर सुन्दा हामीलाई निकै दुःख लागेको छ । प्राकृतिक विपत्तिले तपाईंहरूको दैनिक जीवन र पढाइमा धेरै असर परेको होला । यस कठिन समयमा हामी तपाईंहरूको दुःखलाई बुझ्दै तपाईंहरूलाई हिम्मत र आशा दिन यो पत्र लेखिरहेका छौँ ।

बाढीका कारण तपाईंहरूको घर, विद्यालय, किताब-कापी र अन्य आवश्यक सामग्रीमा क्षति पुगेको होला । खाना, सफा पानी र सुरक्षित बस्ने ठाउँको समस्या पनि परेको हुन सक्छ । विद्यालय जान नपाउँदा पढाइ रोकिएको होला र परिवारको सुरक्षाको चिन्ताले मनमा डर र दुःख पनि उत्पन्न भएको हुन सक्छ । तर कठिन परिस्थितिमा पनि हिम्मत राखेर अगाडि बढ्नुपर्छ ।

हामी तपाईंको सहयोगका लागि विद्यालयमा भइरहेको राहत अभियानमा सहभागी हुँदैछौं । हामीले आफूले सक्ने रकम तथा कापी, कलम, लत्ताकपडा र आवश्यक सामग्री सहयोग गर्दैछौं । सङ्कलन भएका सामग्रीहरू सम्बन्धित व्यक्ति वा संस्थाको सहयोगमा प्रभावित बालबालिकासम्म पुर्‍याउने प्रयास गरिनेछ ।

अहिले पढाइमा समस्या आए पनि पछि फेरि विद्यालय फर्केर आफ्नो पढाइलाई निरन्तरता दिन सक्नुहुनेछ । आफ्नो परिवार, शिक्षक र साथीहरूको साथ लिएर अगाडि बढ्नुहोस् । हामीलाई विश्वास छ, तपाईंहरूको जीवन फेरि बिस्तारै सामान्य हुनेछ । विद्यालय फेरि खुल्नेछ, नयाँ किताब-कापी आउनेछन् र तपाईंहरूले आफ्ना सपनाहरू पूरा गर्न सक्नुहुनेछ । "अँध्यारो पछि सधैँ नयाँ बिहान आउँछ ।" त्यसैले आशा नछोड्नुहोस् र भविष्यप्रति सकारात्मक रहनुहोस् ।

तपाईंहरू सबैलाई धेरै धेरै हिम्मत, साहस र सफलताको शुभकामना । तपाईंहरूको उज्वल भविष्यको हामी कामना गर्दछौं ।

उही तपाइँहरूको भलो चाहने
शुभचिन्तक साथीहरू

म बन्छु क्रिकेटर

प्रत्यूष जोशी
कक्षा ४, राप्ती

म खेल्छु राम्रो क्रिकेट,
झर्न दिन्न धेरै विकेट ।
रोहित शर्मा जस्तो बन्छु,
विराटजस्तो बल हाल्छु ।

एरी जस्तो फिल्डिङ गर्छु,
अनि सबको मन जित्छु ।
म त बन्छु क्रिकेटर,
बलिङमा बन्छु विकेटर ।

खेल धेरै खेलेर,
जित्ने छक्का हानेर,
सबैतिर खेल खेल्छु ।
संसारमा प्रख्यात बन्छु ।



विद्यालयको खाना

बिबेक पन्त
कक्षा ५, सेती

मेरो विद्यालय धेरै राम्रो छ । हामी सबैलाई थाहा छ, हाम्रो विद्यालयमा धेरै मिठामिठा खानेकुरा पाइन्छ । हामी विद्यालयमा धेरै परिकारका खानेकुराहरू खान्छौँ । हाम्रो विद्यालयको खाना नै सबैभन्दा ठूलो विशेषता हो । हाम्रो विद्यालयमा थरीथरीका खानेकुराहरू बनाइन्छ । हाम्रो विद्यालय ठूलो भएर होला, यहाँ धेरै मानिस पनि छन् र धेरै थरीको खानेकुरा पनि बनाउनुपर्छ । हाम्रो विद्यालयको खानेकुरा सधैँ स्वस्थकर हुन्छ । यहाँ सकेसम्म अस्वस्थकर खानालाई परै राखिन्छ । हाम्रो विद्यालयमा प्रत्येक दिन बिहानको खाना र दिउँसोको खाजा गरेर दुईचोटि खान दिइन्छ । विभिन्न चाडपर्व अनुसार चाडपर्वका परिकार पनि बनाइन्छन्, जस्तै असार १५ मा दहीचिउरा, तिहारमा सेलरोटी आदि । ती परिकारहरू धेरै मीठा हुन्छन् । हामीलाई ती खानेकुराहरू साथीसँग बसेर खान पाउँदा साह्रै खुसी लाग्छ । हाम्रो विद्यालयको खानेकुरा वास्तवमै विशेष छ । यहाँको खानेकुरा असाध्यै मिठो हुन्छ । खाना खाने बेला हामी लाइनमा बसेर पालैपालो खाना लिने गर्छौं र खाना लिएर गएर साथीसँग बसेर रमाइलो गर्दै खाना खान्छौँ । खाना खाइसकेर पेट भरिएन भने थपेर खान पनि पाइन्छ । हामी पनि बेलाबेला थपेर खाना खान्छौँ । मिठो खानेकुरा खान पाउँदा हामी खुसी भएर सँगै साथीसाथी मिलेर खान्छौँ ।

खाना धेरै मिठो हुने भएर होला, हामीलाई बेलाबेला धेरै खान मन लाग्छ र हामी खाने गर्छौं । खाना खाइसकेपछि पनि हाम्रो गफ कहाँ सकिन्छ र ! त्यही मिठो खानेकुराको कक्षामा गएर पनि बेलाबेला गफ गर्छौं । "आजको खाना कति मिठो थियो है!" "आज त यस्तो थियो, आज त उस्तो थियो, आज मलाई खान कस्तो मज्जा आयो!" भन्ने कुराले हामी साथीसाथीबीच रमाइलो हुन्छ । कहिलेकाहीं त विद्यालयले हामीलाई कस्तो मिठो खानेकुरा दिएको होला भनेर सोच्छौं पनि । प्रत्येक दिन यसरी नै हाम्रो मिठोमिठो खाना खाने क्रम चाहिं जारी रहन्छ । सधैँ एकैनासको खाना खाएर हामीलाई कहिले दिक्क हुँदैन । हरेक दिन फरकफरक परिकार हुन्छन्, जसले गर्दा हामीलाई खाना थप्दैथप्दै खान रमाइलो लाग्छ । साथीसँग सँगै बसेर मिठो खानेकुरा खान र कक्षामा शिक्षक शिक्षिकाले पढाएको कुरा ध्यान दिएर सुन्नुको मजा नै छुट्टै छ । यस्तो छ हाम्रो विद्यालयको राम्रो कुरा । तपाईं पनि एकचोटि हाम्रो विद्यालयमा खाना खान आउनुस् है!



चाडपर्वको महिमा

इच्छुक भण्डारी
कक्षा ८, इन्द्रावती

पर्व हाम्रो संस्कृतिको सुन्दर पहिचान
खुसी र उमङ्गले भरिन्छ घर-आँगन
दुःख भुली सबै मिलेर रमाउँछन्
माया, सद्भावका फूलहरु फुलाउँछन् ।

दशैं आउँदा टीका र जमरा लाइन्छ
तिहारमा दीपको ज्योति झलमलाउँछ
होलीका रङ्गले मनै रङ्गाउँछ
पर्वसँगै हाम्रो संस्कृति झल्किन्छ ।



पर्वले सिकाउँछ प्रेम र एकता
बढाउँछ आपसी मेल र सद्भावता
पुराना परम्परा नयाँ पुस्तामा सार्दै
हाम्रो पहिचान राख्छ सधैँउज्यालो पार्दै ।

पर्व केवल रमाइलो गर्ने बहाना होइन
संस्कृतिबिना अमूल्य कुनै गहना छैन
एकता, प्रेम र भाइचाराको सन्देश बोकी
पर्वले बनाउँछ जीवनलाई सुखी र खुसी

सफलताको **साँचो**

रायन शाह
कक्षा ७, कर्णाली

रिहान नामको एउटा केटा थियो । उसलाई भिडियो गेम खेल्न निकै मन पर्थ्यो । विद्यालयबाट घर फर्किनेबित्तिकै ऊ मोबाइल वा कम्प्युटरमा गेम खेल्न बसिहाल्थ्यो । ऊ न त समयमा गृहकार्य गर्थ्यो, न त घरको काममा नै सघाउँथ्यो । पढाइमा ध्यान नदिई उसले आफ्नो धेरै समय गेम खेलेरै बिताउँथ्यो ।

एक दिन विद्यालयमा परीक्षाको नतिजा आयो । रिहानले सोचेभन्दा धेरै कम अङ्क ल्याएको थियो । यो देखेर ऊ साह्रै दुःखी भयो । उसले रुन्चे अनुहार लगाउँदै आफ्ना बुबालाई सोध्यो, "बुबा, म भिडियो गेममा त सधैँ जित्छु र राम्रो गर्छु, तर पढाइमा किन सधैँ पछाडि पर्छु?"

बुबाले मुस्कुराउँदै सोध्नुभयो, "बाबु, तिमी गेम खेल्नेबित्तिकै पहिलो पटकमै जितेका थियौ र?"

रिहानले उत्तर दियो, "होइन बुबा! सुरुमा त म धेरै पटक हारेँ, धेरै गल्तीहरू गरेँ । तर मैले हार मानिनँ, बारम्बार प्रयास गरिरहेँ अनि मात्र म गेममा जित्न सक्ने भएँ ।"

बुबाले सम्झाउँदै भन्नुभयो, "हेर बाबु, जीवन र पढाइ पनि गेम जस्तै त हो नि! सुरुमा गल्ती हुनु वा हार्नु सामान्य कुरा हो । तर गल्तीबाट सिकेर निरन्तर प्रयास गर्यौ भने पढाइमा पनि अवश्य जित्नेछौ ।"

बुबाको कुराले रिहानको आँखा खोलिदियो । त्यस दिनदेखि उसले आफ्नो बानी सुधार्ने निर्णय गर्यो । उसले गेम खेल्न छाडेन, तर समयको पालना गर्न थाल्यो । ऊ पहिले स्कुलको गृहकार्य सक्थ्यो, अनि मात्र केही समय गेम खेल्थ्यो । उसले पढाइलाई पनि एउटा गेम जस्तै मान्यो, जहाँ दिनहूँ नयाँ 'लेभल' पार गर्नु पर्थ्यो ।

विशेषगरी गणितमा नबुझेका प्रश्नहरू ऊ बारम्बार अभ्यास गर्थ्यो । गल्ती हुँदा निराश हुनुको सट्टा "म फेरि प्रयास गर्छु" भनेर अघि बढ्थ्यो । साथै, ऊ घरका सानातिना काममा पनि बुबाआमालाई सघाउन थाल्यो ।

केही महिनापछि अर्को परीक्षा भयो । यस पटक रिहानले सबै विषयमा धेरै राम्रो अङ्क ल्यायो । उसको यो परिवर्तन देखेर शिक्षक र बुबाआमाले उसको निकै प्रशंसा गर्नुभयो । रिहानले बुझ्यो कि निरन्तरको प्रयास नै सफलताको साँचो हो ।

फुटबल प्रतियोगिताको मेरो अनुभव

निलक्ष अधिकारी
कक्षा ७, मेची



क्यु. के. एस. अन्तर्गत काष्ठमण्डप विद्यालयलको आयोजनामा अन्तरस्कुल (अन्डर १३) जुनियर छात्र फुटबल प्रतियोगिता असोज महिनाको पहिलो हप्ता सञ्चालन भएको थियो । यो प्रतियोगिता काठमाडौँका विभिन्न स्कुलहरूका जुनियर छात्रहरूबिच सम्पन्न भएको थियो । खेलमा हाम्रो विद्यालय र काष्ठमण्डप विद्यालयका कक्षा ७ सम्मका जुनियर विद्यार्थीहरू मैदानमा उत्रिएका थिए । यो प्रतियोगिता काठमाडौँका विभिन्न स्कुलहरूका (अन्डर १३) जुनियर छात्रहरूबिच सम्पन्न भएको थियो ।

प्रतियोगिताको पहिलो हाफदेखि नै दुवै टोलीका खेलाडीहरूले निकै फुर्तिलो खेल प्रस्तुत गरेका थिए । मैदान बाहिर बसेका साथीहरूले ताली बजाएर खेलाडीहरूको हौसला बढाएका थिए । दुवै पक्षबाट राम्रो पास र गोलका थुप्रै प्रयासहरू भएका थिए, जसले गर्दा निकै रमाइलो भएको थियो ।

अन्तमा काष्ठमण्डप विद्यालयले हाम्रो विद्यालयलाई दुई गोलले पराजित गर्न सफल भयो । खेलपछि पुरस्कार वितरण गरिएको थियो । कार्यक्रममा हाम्रा शिक्षकले मलाई तथा सहभागी सम्पूर्ण साथीहरूलाई राम्रो खेल प्रदर्शन गरेकोमा बधाई दिनुभयो । यो प्रतियोगिताले मलाई निकै रमाइलो अनुभव दियो । प्रतियोगिबाट मैले खेल खेल्दा के कस्ता कुरामा ध्यान दिनुपर्छ भन्ने शिक्षा पाएँ ।

मेरो **साथी**

अजिश भट्टराई
कक्षा १, अरुण

म अजिश भट्टराई हो । मेरो साथीको नाम तायेन हो । उसलाई सबैले माया गरेर तानतान पनि भन्छन् । ऊ निकै ज्ञानी छ । उसलाई फुटबल खेल्न सारै मनपर्छ । ऊ रोनाल्डोको ठुलो फ्यान हो । उसलाई प्यानकेक खान मनपर्छ । हामी धेरै मिल्ने साथी हौँ ।



मेरो परिवार

अजान सिद्दिकी
कक्षा १, अरुण

मेरो नाम अजान सिद्दिकी हो । मेरो परिवारमा ६जना सदस्य छन् । मेरो बाबाको नाम असान सिद्दिकी हो । उहाँ व्यापारी हो । मेरो ममाको नाम मन्तसा सिद्दिकी हो । मेरो घरमा माइजू, बहिनी र दाइ पनि हुनुहुन्छ । मलाई मेरो परिवारको धेरै माया लाग्छ ।

साइबर सुरक्षा: आजको आवश्यकता

देन बज्राचार्य
कक्षा ८, इन्द्रावती

साइबर अपराध आजको समयको एक ठूलो र गम्भीर समस्या बनेको छ, जसले सामान्य व्यक्तिलाई समेत ठूलो मानसिक तनाव पुर्‍याउने गर्दछ । अनलाइन वा डिजिटल माध्यमको दुरुपयोग गरी गरिने जुनसुकै गैरकानूनी कार्यलाई साइबर अपराध भनिन्छ । विगतमा जब साइबर क्याफेहरूको प्रचलन सुरु भयो, मानिसहरूले निश्चित शुल्क तिरेर कम्प्युटर र इन्टरनेटको प्रयोग गर्ने गर्दथे । तर समयक्रमसँगै यस्ता अनलाइन प्लेटफर्मको दुरुपयोग गर्दै अरूको निजी तथा गोप्य सूचना चोरी गर्ने प्रवृत्ति बढ्दै गयो, जसले गर्दा साइबर अपराधको उत्पत्ति र विस्तार भयो । हाल धेरै नेपाली नागरिकहरू पनि यस्तै अपराधको चपेटामा परिरहेका छन् ।

यस्ता साइबर अपराधबाट बच्न र सचेत रहनका लागि मिति २०८३-०५-३० मा हाम्रो विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीहरूका लागि एक विशेष सचेतनामूलक सेसन सञ्चालन गरिएको थियो । नेपाल प्रहरीको साइबर ब्युरोका इन्स्पेक्टर योगेन्द्र कुमार शाहद्वारा सञ्चालित उक्त सेसनमा हामीलाई साइबर अपराध कसरी हुन्छ र यसबाट कसरी बच्ने भन्नेबारे विस्तृत जानकारी गराइएको थियो । उक्त कार्यक्रममा इन्स्पेक्टर शाहले साइबर अपराधका मुख्य माध्यम र प्रकारहरूबारे प्रष्ट पार्नुभएको थियो

- **ह्याकिङ**: बिनाअनुमति कसैको कम्प्युटर वा अनलाइन खातामा अवैध रूपमा प्रवेश गर्नु ।
- **फिसिङ**: नक्कली इमेल, वेबसाइट वा सन्देश पठाएर मानिसहरूलाई झुक्याई पासवर्ड, बैंक विवरण जस्ता गोप्य जानकारी चोर्नु ।
- **पहिचान चोरी**: अरू व्यक्तिको व्यक्तिगत विवरण प्रयोग गरी ठगी वा अन्य गैरकानूनी अपराध गर्नु ।
- **साइबर बुलिङ**: सामाजिक सञ्जाल वा डिजिटल माध्यमबाट कसैलाई थर्काउने, यौनजन्य वा आपत्तिजनक फोटो/भिडियो/सन्देश पठाउने र पैसा माग गर्दै धम्की दिने कार्य ।
- **सेक्सटर्सन**: कसैको निजी वा अन्तरङ्ग सामग्री सार्वजनिक गरिदिने धम्की दिएर पैसा वा अन्य कुरा माग गर्नु ।

साइबर अपराधको सिकार हुनबाट बच्न र आफ्ना गोप्य सूचना सुरक्षित राख्नका लागि निम्न उपायहरू अपनाउन सकिने कुरा सेसनमा बताइएको थियो:

- **बलियो पासवर्डको प्रयोग**: लामो तथा फरक-फरक अक्षर, अङ्क र सङ्केतहरू मिलाएर बलियो पासवर्ड प्रयोग गर्ने ।
- **गोप्य जानकारीको सुरक्षा**: आफ्ना व्यक्तिगत वा वित्तीय जानकारीहरू सधैँ सुरक्षित राख्ने र जथाभाबी सेयर नगर्ने ।
- **शीघ्र सम्पर्क र सचेतना**: यदि साइबर अपराधको सिकार भइएमा तुरुन्त प्रहरीलाई सम्पर्क गर्ने र आफू प्रविधि प्रयोग गरिरहेको स्थान तथा वातावरणप्रति सधैँ सचेत रहने ।

समग्रमा, यस सचेतनामूलक सेसनले हामीलाई साइबर अपराधका खतराहरूबारे स्पष्ट रूपमा जानकार बनाएको छ । साथै, डिजिटल दुनियाँमा सुरक्षित रहने र अपराधबाट जोगिने व्यावहारिक तरिकाहरू पनि थाहा पाउने अवसर मिलेको छ ।



Student's Art



Nirukta Kattel, V Seti, Spark in Me, Acrylic on Canvas



Mercy Ghimire, II Sunkoshi, Tulip, Glass Paint on Plastic Sheet



Prashant Upadhyay, IX Gandaki, Master Study, Acrylic on Canvas



Rinju, Yojana, Riona, & Jaelyn, VII, Conceptual Portraits, Acrylic on Plywood



Riona, Shritika, Yojana & Julianna, VII, Conceptual Portraits, Acrylic on Plywood



Denn Bajracharya, VIII Indrawati, Master Study, Acrylic on Canvas



Jaron Gurung, III Trishuli, Travel Poster, Coloured Pencils on Paper



Eevani Neupane, III Trishuli, Travel Poster, Coloured Pencils on Paper



Jaelyn Gurung, VII Karnali, Whisper, Mixed Media on Canvas



Eilish Bajracharya, IV Rapti, Egyptian Cat, Acrylic on Canvas



Sahara Gurung, I Arun, Patterned Grapes , Coloured Pencils on Paper



Arsh Shah, IV Narayani, Expression of Monkey, Coloured Pencils on Paper



Norzin Sherpa, IX Gandaki, Future, Acrylic on Canvas



Atharva & Bibhan, VI, Aboriginal Art, Acrylic on Canvas



Divam & Nima, VI, Aboriginal Art, Acrylic on Canvas



Shayon & Yohan, VI, Aboriginal Art, Acrylic on Canvas



Shreyas Shakya, VIII Babai, Message, Acrylic on Canvas



Students of Grade II, Mountain, Glass Paint on Plastic Sheet



Students of IV Rapti, Chololate, Coloured Pencils on Paper



Suvyog Bhattarai, V Bheri, Mother and a Daughter, Coloured Pencils on Paper



Yashvi Agrawal, IV Rapti, Beautiful Lady, Acrylic on Canvas



Yuvan Gurung, IV Rapti, Egyptian People, Acrylic on Canvas



Samrant & Sauhard, VI, Aboriginal Art, Acrylic on Canvas



Sarvayu & Watsalya, VI, Aboriginal Art, Acrylic on Canvas

Activities Page



Guru Purnima: Honouring Our Educators



Beyond the Screen: Real-Life Detectives - Guest Lecture



Little Voices, Big Expressions



Empowering Parents for Digital Safety - Parent Academy



माइती नेपाल: सिकाइ कक्षाकोठाभन्दा बाहिर



IWS Leopards Enter the Knockout Stage



मेरो विद्यालय, मेरो आवाज, मेरो गर्व!



Making Mathematics Meaningful



पुस्तक हाम्रो साथी - Reading Culture



Learning About Nutrition & Nutrients - Guest Lecture



IWS Leopards: Proud First Runner-Up



HOPE: Toastmasters in Action - Imperial Tostmasters Club



Learning Together, Growing Together



पढाइदेखि विमर्शसम्म - Reading Culture



Maths & Science: Quiz, Curiosity & Fun



कानुनी सचेतना र सामाजिक समस्या - Guest Lecture



Everyday Pedagogy: Growing as Educators - TPD Session



Beyond Knowledge: Maths & Science Quiz



Celebrating Achievement & Global Opportunities - World Scholar's Cup



Spell, Learn & Shine



Words, Wits & Confidence - Spelling Bee



Learning Addition Through Number Lines



Where Young Ideas Take Flight - Kidspreneur Academy



जनै पूर्णिमा: संस्कृति र सहकार्य



Exploring Khokana: Heritage & Community



Let the Game Begin! - This Basketball Tournament



Stories of Krishna, Seeds of Character - Krishna Janmasthami



A Tribute of Remembrance - Rasuwa Flood



Supporting, Not Solving - Parent Academy



Exploring the Wild: Grade 1 Zoo Visit



लोक नृत्य: कला र संस्कृतिको उत्सव



Celebrating Champions & Sportsmanship - IWS Basketball Tournament



Celebrating Fatherhood Together



Doughnuts with Dad: My Dad, My Hero - Father's Day Celebration



IWS Girls: First Runner-Up at Euro Cup 2026



Tuesday Talk: Conversations That Connect